**<u>सम्वत् २०८२ साल असार ०१ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:</u>**

१. आर्थिक मामिला तथा योजना मन्त्रालय: कोशी प्रदेश आर्थिक विधेयक, २०८२ र कोशी प्रदेश विनियोजन विधेयक, २०८२ तथा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य, कार्यक्रम पुस्तिका, स्रोतगत र शीर्षकगत व्ययको विवरण, एवं मध्यमकालिन खर्च संरचना (२०८२/८३-२०८४/८५) प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

**<u>सम्वत् २०८२ साल असार ११ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:</u>**

१. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भई पेश भएको "सामाजिक विकास संस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" लाई प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: प्रदेश सचिव श्री पवन कुमार तिमिल्सेनालाई प्रदेश लोक सेवा आयोगको प्रदेश सचिवको रिक्त पदमा कामकाजमा खटाउने।

३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय: प्रदेश सवारी तथा यातायात व्यवस्था (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने।

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय: केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ लाई प्रतिस्थापन गर्ने विधेयक, २०८२ प्रदेश सभामा पेश गर्ने।

५. आन्तरिक मामिला तथा कानुन मन्त्रालय: सवारी चालक अनुमति-पत्र परीक्षा संचालन निर्देशिका, २०८२ स्वीकृत गर्ने।

६. आर्थिक मामिला तथा योजना मन्त्रालय: योगदानमूलक निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई "मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।"



*द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

## सम्वत् २०८२ साल असार १८ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भई पेश भएको "योगदानमूलक निवृत्तभरण कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" लाई प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गर्ने।

२. मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भई पेश भएको "कोशी प्रदेश जनस्वास्थ्य नियमावली, २०८२" स्वीकृत गर्ने।"

३. आर्थिक मामिला तथा योजना मन्त्रालय: कोशी प्रदेश तथ्याङ्क सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयकलाई "मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।"

## सम्वत् २०८२ साल असार ३० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: साबिक साब्लाखु गा.वि.स. को कार्यालय हाल सिदिङ्वा गाउँपालिका वडा नं. ४ बाट केन्द्र हेरफेर गरी सिदिङ्वा गाउँपालिका वडा नं. ५ भञ्ज्याङ् कायम गर्ने प्रयोजनका लागि नेपाल सरकारको निर्णयको लागि सिफारिस गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालय: कोशी प्रदेश सामाजिक व्यवहार शुद्धीकरण विधेयकको मस्यौदा तर्जुमाको लागि सिद्धान्त स्वीकृति प्रदान गर्ने।

३. सामाजिक विकास मन्त्रालय: कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।



*द्रष्टव्य: निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*